बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

**बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)**

**लुम्बिनी प्रदेश, नेपाल**

प.सं: २०८२/८३ मिति: २०८२/१२/९

च.नं.: २४५९

श्री सार्वजनिक विद्यालय सबै,

बर्दघाट नगरपालिका, नवलपरासी (ब.सु.प.) ।

विषय : कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा चालु आ.व. २०८२/८३ मा बर्दघाट नगरपालिका अन्तर्गत रहेका सार्वजनिक विद्यालयहरुका लागि ससर्त अनुदानको रूपमा प्राप्त **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान** अन्तर्गत देहाय अनुसारका कार्यक्रम कार्यान्वयन गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि (आ.व. २०८२/८३) बमोजिम हुने गरी मिति २०८२/१२/२३ गते कार्यालय समयभित्र विव्यसको निर्णयको प्रमाणित प्रतिलिपि, अघिल्ला वर्षहरूमा निम्न शीर्षकहरूमा कार्यक्रम प्राप्त नगरेको बेहोरासहितको विद्यालयको माग पत्रसहित शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्ताव पेस गर्नुहुन अनुरोध छ ।

| क्र.स. | कार्यक्रमको शीर्षक | कोटा | प्रति विद्यालय दर रू. |
|---|---|---|---|
| १ | विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | २ | १०००००० (अक्षरेपि दश लाख मात्र ) |

पुनश्च प्रस्तावनामा विद्यालयको समग्र भौतिक, शैक्षिक तथा अन्य पक्षहरूको विवरणका अतिरिक्त प्रस्ताव पेस भएको कार्यक्रमको वर्तमान अवस्था तथा विगतमा भएका कार्यक्रमबाट शैक्षिक गुणस्तर अभिवृद्धिमा परेको प्रभावलाई अनिवार्य रूपमा समेट्नुपर्ने छ । साथै प्रस्तावनाको साथमा शैक्षिक सत्र २०८२ को विद्यालय सुधार योजना आ.व. २०८१/८२ को सामाजिक लेखा परीक्षण प्रतिवेदन नबुझाएको भए अनिवार्य बुझाउनुपर्ने छ ।

सादर अवगतार्थ :

श्रीमान नगर प्रमुखज्यू

श्रीमान नगर उपप्रमुखज्यू

डिल्लीराम ढुंगाना

शिक्षा शाखा प्रमुख

डिल्लीराम ढुङ्गाना

शिक्षा अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखा: कार्यालयको फेसबुक पेज तथा वेबसाइटमार्फत् सार्वजनिक गरिदिनुहुन ।